राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञावर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– १०, असोज ८ गते शुक्रबार, २०७८ (24 September, 2021) | www.janajibro.com | मूल्य रू. १०।-

# ‘निरन्तर अवसर पाइरहेकारूबाटै गद्दारी’

## एकता सुदृढ पार्दै नयाँ शिराबाट क्रियाशील बन्नुपर्नेमा प्रचण्डको जोड

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पछिल्लो समय आफ्नो दलका कतिपय नेताहरूमा कल्पनै गर्न नसकिने गरी देखा परेको विचलनलाई निस्तेज गर्दै मुलुकमा जारी राजनीतिक अन्यौलता र वैदेशिक हस्तक्षेपलाई परास्त गर्नका निम्ति आत्मासमीक्षा र रूपान्तरणको जरूरी भएको बताएका छन् । पार्टीलाई नयाँ शिराबाट पुनर्गठन गर्दै र जनतालाई एकाकार बनाउँदै क्रियाशील बन्नुपर्नेमा जोड अध्यक्ष दाहालले दिएका हुन् ।

नेकपा एमालेसँगको एकतासम्बन्ध टुटेसँगै पूर्ववत अवस्थामा फर्किएको माओवादी केन्द्रले पछिल्लो समय पार्टी संगठननिर्माणतर्फ जोड दिँदै आएको छ । पार्टी पूर्ववत अवस्थामा फर्किए पनि दलका तर्फबाट पटक-पटक अवसर पाएकाहरूबाटै गद्दारी भएकाले आउँदा दिनहरूमा सचेत रहनुपर्ने समेत बताए ।

दलको गण्डकी प्रदेश कमिटीद्वारा आयोजित भर्चुअल प्रशिक्षण कार्यक्रमबीच अध्यक्ष प्रचण्डले पार्टीको आन्तरिक एकता सुदृढ पार्दै पुनः देशको पहिलो पार्टी बनाउने गरी क्रियाशील हुन नेता-कार्यकर्तालाई आग्रह गरेका हुन् । यतिबेला पार्टीप्रति जनताको आकर्षण बढेको विश्लेषण गर्दै अध्यक्ष प्रचण्डले विसं २०६४ मा भन्दा धेरै मत दिएर जनताले आफ्नो दललाई विजयी गराउन चाहेको विश्वास समेत व्यक्त गरे । ‘वडादेखि केन्द्रसम्म एकताबद्ध भएर जनतामा जाँदा पार्टीको जित सुनिश्चित छ’ भन्दै उनले ‘देशलाई राम्रोसँग अघि बढाउन समेत माओवादीले जित्नुको विकल्प छैन’ प्रशिक्षण कार्यक्रमबीच चर्चा गरे । सदासर्वदा उत्पीडित जाति, क्षेत्र, लिंग र समुदायका पक्षमा रहेकाले माओवादीको तुलना अन्य पार्टीसँग हुनै नसक्ने उनको दावी थियो ।

यस्तै अर्को प्रसङ्गमा उनले जनताले नरुचाएको

क्रमशः अन्तिम पृष्ठमा

# ‘सरकारले पूर्णता नपाउँदा कामकाज ठप्प’




**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र) को केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको स्थायी समिति बैठकलाई सम्बोधन गर्दै अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बिहीबारसम्म सरकारले पूर्णता पाउने विश्लेषण गरेका छन् । सो दलको केन्द्रीय कार्यालयमा बुधबार बसेको बैठकबीच ‘ब्रिफ्रिङ’ गर्दै अध्यक्ष दाहालले छिट्टै नै मन्त्रिपरिषद्ले पूर्णता पाउने जानकारी दिएको बैठकपछि माओवादीका प्रवक्ता कृष्णबहादुर महराले बताए ।

राजनीतिक दलसम्बन्धी अध्यादेशका कारण मन्त्रिपरिषद विस्तारमा ढिलाई भएको टिप्पणी गर्दै अध्यक्ष दाहालले सरकार गठन भएको लामो समय बितिसक्दा समेत मन्त्रिपरिषदले पूर्णता पाउन नसक्दा सरकारको कार्यसम्पादन प्रभावित भएकोतर्फ बैठकलाई जानकारी गराएको समेत प्रवक्ता महराले सुनाए ।

राजनीतिक दलसम्बन्धी अध्यादेशलाई प्रतिस्थापन गर्न बिहीबार संसदमा प्रतिस्थापन विधेयक पेश गर्ने सरकारले तयारी गरेको प्रवक्ता महराको भनाइ थियो । ‘भोलि संसद बस्दैछ, आज पाँच दलको बैठक

क्रमशः अन्तिम पृष्ठमा

# नेकपा एसको केक बैठक : के-के भए निर्णय ?

**काठमाडौं ।** केही समय पहिले नेकपा एमालेबाट विद्रोह गरी पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वका गठन भएको नेकपा (एकीकृत समाजवादी) पार्टीको मंगलबारदेखि जारी केन्द्रीय कमिटिको पहिलो बैठक जनताको बहुदलीय जनवाद (जबज)लाई विकसित र समृद्ध बनाउने लैजाने प्रण गर्दै सकिएको छ ।

नेकपा एसका केन्द्रीय संरचनाले पूर्णता पाएसँगै बसेको पहिलो बैठकलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले मार्क्सवादको सिर्जनात्मक प्रयोगको एक अध्याय जबजलाई विगत भएका देवत्वकरण र कुरूपीकरणबाट जोगाउँदै विकसित र समृद्ध बनाउने दावी गरेका हुन् ।

सो पार्टीको विधानअनुसार ११५ पूर्ण र ३६ बैकल्पिक गरी १५१ सदस्यीय केन्द्रीय कमिटी, ५१ सदस्यीय पोलिटब्युरो र १७ सदस्यीय पदाधिकारीको संरचनाले लगभग पूर्णता पाइसकेको अवस्था हो । उक्त बैठकले अध्यक्ष नेपालद्वारा प्रस्तुत प्रस्तावलाई केन्द्रीय कमिटिको सुझाव समेत समावेश गरी सर्वसम्मतले पारित समेत गरेको छ । क्रान्तिका उपलब्धिको रक्षा गर्दै शान्तिपूर्ण संघर्ष र लोकतान्त्रिक विधिबाट मुलुकको आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरणसहित राष्ट्रिय पुँजीको विकास गरेर सामाजिक न्याय र लोकतान्त्रिक मूल्य



**समय-सन्देश**

**सानु राय**

मान्यतासहितको समाजवादका आधार निर्माण गर्ने पार्टीको तत्कालीन लक्ष्य रहेको भन्दै प्रतिवेदनमा उल्लेख गरिएको छ- ‘यो पार्टी सबै खाले प्रतिक्रियावाद, अवसरवाद र संकीर्णतावादका विरुद्ध तथा सामाजिक सद्भाव एवं राष्ट्रिय एकताको पक्षमा रहेको छ । आम जनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै सबै प्रकारका शोषण, उत्पीडन, अन्याय, अत्याचार,

क्रमशः अन्तिम पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- १०, असोज ८ गते शुक्रबार, २०७८

**सम्पादकीय**

## नाङ्गो कृतघ्नता नै हो त राजनीतिकर्म ?

२०४६ को राजनीतिक परिवर्तनयता नेपाली राजनीतिमा अनकौं घात-प्रतिघात, अन्तर्विरोध, अन्तर्घात, धोकाधडी, विश्वासघात, पाखण्ड र निर्लज्जता बारम्बार देखापरे। सत्ता, शक्ति र सम्पत्तिका लागि कोही-कसैले जो-कसैलाई आफ्ना पनि भनेनन् र पराई पनि ठानेनन्। जोसँग मिल्दा शक्तिमा पुगिन्छ र ज-जसलाई पछार्दा आफूलाई 'सुरक्षित' भएजस्तो लाग्दछ- निः सङ्कोच ती सबै अभ्यास गरिए।

आफूले सत्ता र शक्ति हत्याउन काङ्ग्रेस नेता गिरिजाप्रसाद कोइरालाले कृष्णप्रसाद भट्टराईहरूमाथि अन्तर्घात गरे। ठीक त्यही उद्देश्यका साथ खड्गप्रसाद ओलीहरूले झलनाथ खनाल, माधवकुमार नेपाल र वामदेव गौतमहरूमाथि भयानक विश्वासघात गरे। सत्ता र शक्तिकै लोभमा रामबहादुर थापा 'बादल', टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभु साहहरूले नग्नता प्रदर्शन गरे। यी र यस्ता पात्र त केवल उदाहरण मात्रै हुन्; मूलतः यो अवधिको राजनीति इतर क्षेत्रका मान्छेहरूले भन्ने गरेजस्तै 'फोहरी खेल' मै सीमित रह्यो।

वर्तमान राजनीतिक रङ्गमञ्चका चर्चित पात्रहरूमध्ये कोही पनि इमानदार, विश्वसनीय र जनसेवी प्रमाणित भएनन्; धेरथोर बेइमानी र धोकाधडी सबैबाट भयो। तर, कोही-कसैका देख्दै र सुन्दै थुक्नुपर्ने स्तरका बदमासी देखिए भने कोही-कसैका बदमासी चाहिँ 'ढाँट्दा र छल्दा छोपिन सक्ने' खालका देखापरे। सारतः 'राजनीति भनेको असल मान्छेले गर्ने कर्म नै होइन; बिग्रेका, मासिएका र भाँडिएका मान्छेहरूको लुटपाटको धन्दा मात्रै हो' भनेजस्तो स्थिति देखापऱ्यो। सर्वत्र प्रश्न उब्जियो- 'के लूट, बेइमानी र कृतघ्नता मात्रै हो त राजनीतिकर्म ?'

यथार्थतः राजनीति भनेको सबै नीतिहरूमध्येको मूल नीति हो। समाज, संस्कृति, अर्थतन्त्र र सभ्यतालाई यसैले डोऱ्याउँदछ; मार्गनिर्देशित गर्दछ। कोही-कसैले मलाई/हामीलाई राजनीतिप्रति केही मतलब छैन, जोसुकैले जेसुकै गरोस्' भनेर निरपेक्ष रहन खोजेमा पनि ऊ राजनीतिबाट मुक्त/अलग वा निरपेक्ष हुन पाउँदैन/हुनै सक्दैन। कुनै न कुनै रूप वा माध्यमबाट जुनसुकै नागरिक राजनीतिमा लपेटिएकै हुन्छ/प्रभावित भएकै हुन्छ। धेरै वा थोरै र सचेत वा अचेत रूपले राजनीतिमा 'मुछिनु' या सङ्लग्न हुन पुग्नु बेग्लै कुरा हो।

यसर्थ, राज्यको नीति सञ्चालन/परिचालन गर्ने सर्वोच्च कर्म अर्थात् राजनीतिलाई दुर्घन्धित ढलसरको प्रदूषणबाट मुक्ति गरिनुपर्छ। राजनीतिलाई शुद्धीकृत एवम् सफा तुल्याइनुपर्छ। विश्वजगत्का सामु नेपाल राष्ट्रलाई समुन्नत एवम् सम्मानित तुल्याउन र आन्तरिक रूपले न्याय, समानता र प्रगतिको मार्ग खुलाउन राजनीतिमा इमानसहितको शुद्धीकरण अपरिहार्य छ।

# मनासिक प्रभाव र वैज्ञानिक अध्ययन

# के हो र किन देखिन्छ सपना ?



**अध्ययन-अनुसन्धान**

**सिर्जना गौतम**

*विज्ञानको उन्नतिसागै यस विषयलाई थप तथ्यपरक रूपमा अध्ययन गर्न सम्भव बनाउने धेरै उपकरण आए र हाम्रा धेरै जिज्ञासाहरू मेटाए तर पनि हामी अहिलेसम्म सपनालाई बुझ्ने प्रयत्न गरिनै रहेका छौं। वैज्ञानिकहरू भन्छन् कि हरेक रात सुत्दा प्रत्येक व्यक्ति लगभग दुई घण्टा सपना देख्छन्।*

*एक्टिभेसन-सिन्थेसिस हाइपोथेसिस नामक न्यूरोबायोलोजिकल सिद्धान्तमा विश्वास गर्नेहरू भन्छन् कि सपनाहरूको वास्तवमा कुनै अर्थ हादैन।जटिल कार्यहरूको बारेमा जब कुनै व्यक्ति सपना देख्छ, उसको त्यस कार्यमा सुधार आउाछ।*

*जागृत अवस्थामा सिक्दै, ज्ञान भण्डारण गर्दै वा जानकारी र सम्झना गर्दैगर्दा दिमागको फ्रन्टल लोब मा लोफ्रेक्वेनसी थीटा वेभहरू अधिक मात्रामा सक्रिय हुन्छन्।*

*जटिल कार्यहरूको बारेमा जब कुनै व्यक्ति सपना देख्छ, उसको त्यस कार्यमा सुधार आउाछ। जागृत अवस्थामा सिक्दै, ज्ञान भण्डारण गर्दै वा जानकारी र सम्झना गर्दैगर्दा दिमागको फ्रन्टल लोब मा लोफ्रेक्वेनसी थीटा वेभहरू अधिक मात्रामा सक्रिय हुन्छन्।*

*सपनाको रचनात्मकताको सिद्धान्तअनुसार सपनाले हामीलाई समस्याहरू हल गर्नमा मद्दत गर्दछ।*

*सपनाको रचनात्मकताको सिद्धान्तअनुसार सपनाले हामीलाई समस्याहरू हल गर्नमा मद्दत गर्दछ।*

*अनुसन्धानअनुसार लुसिड सपना देख्नेहरूले रचनात्मक कार्यहरूमा राम्रो नतिजा देखाउाने गरेको पाइन्छ।*

*कतिपय विशेषज्ञहरूले यस्तो पनि विश्वास गर्छन् कि सपनाहरूले भावनाहरू र तनावपूर्ण अनुभवहरूको प्रशोधनमा पनि एक महत्त्वपूर्ण भूमिका निभाउाछन्।*

*जीवनमा चिन्ता धेरै भएका मानिसहरू र विगतमा धेरै तनावपूर्ण, भयावह वा कष्टकर घटनाहरू भोगेका (पीटिएसडि भएका) व्यक्तिहरू धेरै मात्रामा अति तनावपूर्ण सपनाहरू देख्ने गर्दछन्।*

*डिप्रेसन्, एनजाइटि, वा बाइपोलार डीसअर्डरजस्ता मानसिक विकारहरूले पनि तनावपूर्ण सपनाहरूलाई सहयोग पुऱ्याउन सक्छन्।*

सपना के हो र किन देखिन्छ भन्ने प्रश्न शताप्दिऔंदेखि वैज्ञानिकहरू र दार्शनिकहरूले सोच्दै आएका छन्। विज्ञानको उन्नतिसँगै यस विषयलाई थप तथ्यपरक रूपमा अध्ययन गर्न सम्भव बनाउने धेरै उपकरण आए र हाम्रा धेरै जिज्ञासाहरू मेटाए तर पनि हामी अहिलेसम्म सपनालाई बुझ्ने प्रयत्न गरिनै रहेका छौं।
विश्वका विभिन्न देश र संस्कृतिका मान्यताहरूमा आ-आफ्नै सिद्धान्तहरू छन् जुन वैज्ञानिक रूपमा प्रमाणित नभए पनि त्यहाँका नागरिकहरूले मान्दै र स्वीकार्दै आएका छन्।

निदाएको अवस्थामा अनुभव गरिने छविहरू, विचारहरू, र भावनाहरू नै सपना हुन्।
वैज्ञानिकहरू भन्छन् कि हरेक रात सुत्दा प्रत्येक व्यक्ति लगभग दुई घण्टा सपना देख्छन् तर कतिपयले उठ्नेबित्तिकै सपना बिर्सिन्छन् र आफूले सपना नै नदेख्ने गरेको बताउँछन्।
कहिलेकाहीँ सपनाहरूमा एक स्पष्ट कथा छ जस्तो लाग्छ र कहिलेकहीं न त तिनको कुनै अर्थ हुन्छन् न कुनै टुंगो।

विगतमा कसैले सपनामा के देख्यो भनेर थाहा पाउने एउटै तरिका थियो र सपना देख्ने व्यक्तिले सम्झेर जे देखेँ भन्यो त्यो बाहेक थाहा पाउन सम्भव थिएन। उसले सहि भन्यो वा गलत, सहि सम्झ्यो वा गलत त्यो थाहा पाउने कुनै तरिका थिएन।
तर प्राविधिक प्रगति र वैज्ञानिक अनुसन्धानले सपनालाई अझै राम्रोसँग बुझ्न सम्भव बनाएको छ। सन् २०१३ मा म्याग्नेटिक रेजोनेन्स इमेजिङ (एमआरआई) र मस्तिष्कको गतिविधिलाई उचित अर्थ दिने मेसिन लर्निंग मोडेलको उपयोग गरेर एक अनुसन्धानमा सपनाको दृश्यलाई वास्तविक समयमा नै वर्णन गरिएको थियो।

एक्टिभेसन-सिन्थेसिस हाइपोथेसिस नामक न्यूरोबायोलोजिकल सिद्धान्तमा विश्वास गर्नेहरू भन्छन् कि सपनाहरूको वास्तवमा कुनै अर्थ हुँदैन। यी केवल मस्तिष्कका प्रक्रियाहरूको प्रतिफल हुन्, जहाँ हाम्रो दिमागबाट अनेकौं दृश्यहरू (ऱ्यान्डम) अनिर्दिष्ट तरिका बाट तानिन्छ।
तर जब सपनाबाट कुनै व्यक्ति ब्यूँझन्छ उसले ती अर्थविहिन दृश्यहरूलाई एउटा संरचना दिन खोज्छ र अर्थको सिर्जना गर्दछ।

सपनाको उद्देश्यबारेमा अनेकौं मनोवैज्ञानिकहरू र अनुसन्धानकर्ताहरूले आ-आफ्ना विचारहरू प्रस्तुत गरेका थिए। तर हिजोआजका कतिपय विशेषज्ञहरूले तीमध्ये कुनै एउटा मात्र नभई सपनाको उद्देश्य ती सबै हुन् भन्नेमा विश्वास गर्दछन्।

विकासक्रमवादी मनोवैज्ञानिकहरूको सिद्धान्तअनुसार सपना देख्नु कुनै जैविक रक्षासंयन्त्रको रूपमा काम गर्दछ। सपनाको सम्भावित खतरनाक घटनाहरूलाई नक्कल गर्नसक्ने क्षमता हुन्छ। बारम्बार यस्तो गर्नाले मस्तिस्कमा खतराबाट सचेत रहने र बचाऊ गर्ने संयन्त्रहरूको शक्तिको वृद्धि हुन्छ।

सिग्मन्ड फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तअनुसार सपनाका कारकहरू अचेत इच्छाहरू, प्रेरणाहरू र विचारहरू हुन्छन् र दमन गरिएका इच्छाहरूको पूर्ति सपनामा हुने गर्छन्।
फ्रायडका धेरै दावीहरूलाई अनेकौं अनुसन्धानद्वारा खारेज गरिएका भए पनि रिबाउन्ड प्रभाव भने साँच्चै नै हुन्छ भन्ने पत्ता लागेको छ।
जसमा कुनै विचारको दमनले सपनालाई प्रभाव पार्दछ र सपनाको सामग्री त्यहि दबिएको विचारसँग सम्बन्धित हुन्छ।
उनले सपनाको व्याख्याको उदय र लोकप्रियतामा योगदान पुऱ्याए तर यसप्रकारका विश्लेषण भने कुनै पनि वैज्ञानिक अनुसन्धानद्वारा समर्थित छैन।


अघिल्लो दिनभर संकलन भएका सबै सामग्रीहरूको प्रशोधन र स्मृतिमा निद्राको ठूलो भूमिका हुन्छ।
विशेषज्ञहरूका अनुसार सपना देख्नु यहि प्रक्रियाको उपउत्पाद हो, वा एक सक्रिय क्रियाकलाप हो।
अनुसन्धानले यो सिद्धान्तलाई समर्थन गर्दछ।
जटिल कार्यहरूको बारेमा जब कुनै व्यक्ति सपना देख्छ, उसको त्यस कार्यमा सुधार आउँछ। जागृत अवस्थामा सिक्दै, ज्ञान भण्डारण गर्दै वा जानकारी र सम्झना गर्दैगर्दा दिमागको फ्रन्टल लोब मा लोफ्रेक्वेनसी थीटा वेभहरू अधिक मात्रामा सक्रिय हुन्छन्।
सपना निद्राको अरईएम चरणमा देखिन्छ र अध्ययनले यो देखाउँछ कि यस समय पनि त्यस्तै प्रकारको लोफ्रेक्वेनसी थीटा तरंगहरू फ्रन्टल लोबमा अधिक सक्रिय हुन्छन्।

सपनाको रचनात्मकताको सिद्धान्तअनुसार सपनाले हामीलाई समस्याहरू हल गर्नमा मद्दत गर्दछ।
सपनामा मस्तिस्क अनियन्त्रित र अचेत हुने भएकाले यसमा विचारहरू वास्तविकताको विपरित असिमित र स्वतन्त्र रूपले घुम्न पाउँछन्।
त्यसैले जागृत हुँदा सोच्न नसकेको समस्याको समाधानका लागि प्रेरणा धेरै व्यक्तिहरूले सपनामा पाउने गरेको अनुसन्धानले पनि बताउँछ।
लुसिड सपनामा व्यक्तिले आफू सपनामा भएको थाह पाउन सक्छ र सपनालाई आफूले चाहेअनुसार प्रभाव पार्न पनि सक्छ।
कोहि व्यक्तिले यस्तो प्रकारको सपना धेरै देख्ने, कसैले कहिलेकाहीँ मात्र देख्ने र कसैले कहिल्यै पनि नदेख्ने गरेको पाइन्छ।
अनुसन्धानअनुसार लुसिड सपना देख्नेहरूले रचनात्मक कार्यहरूमा राम्रो नतिजा देखाउँने गरेको पाइन्छ।

कतिपय विशेषज्ञहरूले यस्तो पनि विश्वास गर्छन् कि सपनाहरूले भावनाहरू र तनावपूर्ण अनुभवहरूको प्रशोधनमा पनि एक महत्त्वपूर्ण भूमिका निभाउँछन्।
जीवनमा चिन्ता धेरै भएका मानिसहरू र विगतमा धेरै तनावपूर्ण, भयावह वा कष्टकर घटनाहरू भोगेका (पीटिएसडि भएका) व्यक्तिहरू धेरै मात्रामा अति तनावपूर्ण सपनाहरू देख्ने गर्दछन्।
डिप्रेसन्, एनजाइटि, वा बाइपोलार डीसअर्डरजस्ता मानसिक विकारहरूले पनि तनावपूर्ण सपनाहरूलाई सहयोग पुऱ्याउन सक्छन्।
यस्ता सपनाहरू कहिलेकाहिँ देख्नु स्वाभाविक हुन्छ भने अधिक मात्रामा देख्नुको कारण पहिचान नभएका मानसिक विकारहरू पनि हुन सक्छन। त्यसैले दैनिक जीवनमै असर गर्ने खालका तनावपूर्ण सपनाहरू बारम्बार देखिरहँदा डाक्टर वा विशेषज्ञहरूसँग परामर्श गर्न जरुरी हुन्छ।

१९औं सताब्दिको अन्त्यतिर सपनाका बारेमा धेरै सिद्धान्तहरू अगाडि आए र २०औं सताब्दिमा अनेकौं अध्ययनहरू गरिए जसबाट कति सिद्धान्त सहि प्रमाणित भए र कति गलत।
सपनाका कतिपय पक्षहरू तथ्यपरक रूपमा परीक्षण गर्न अझै पनि सम्भव भएको छैन र वैज्ञानिक तथा विशेषज्ञहरूले अहिले पनि निरन्तर रूपमा यस विषयप्रति निकै चासोका साथ अध्ययन जारी राखेका छन्।

# नेकपाको बहत्तर वर्षे यात्रा : मार्क्सवाद र संशोधनवादका संघर्षपूर्ण टकरावहरू



विचारदृष्टिकोण

मोहन वैद्य 'किरण'

लामो समयदेखि नेपालमा कम्युस्टिहरू मूलतः दुई धारामा विभाजित रहिआएका छन्- अवसरवादी र क्रान्तिकारी। अवसरवादी कम्युनिस्टहरूले आफ्नो नाम अझै कम्युनिस्ट नै राखे पनि काममा ती प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका अत्यन्तै भरपर्दा रक्षाकवच बन्दै आएका छन् र साम्यवादको उदात्त आदर्शसित तिनको कुनै सम्बन्ध छैन।

२००६ सालमा स्थापित नेपाल कम्युनिस्ट पार्टी अहिले बहत्तर वर्षको भएको छ। अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन जस्तै नेपाली कम्युनिस्ट आन्दोलन पनि एकता, संघर्ष एवं रूपान्तरणको द्वन्द्वात्मक प्रक्रियाका बीचबाट विकसित हुँदै आएको छ।

नेपाली कम्युनिस्ट आन्दोलन संगठन र संघर्षका विभिन्न सकारात्मक र नकारात्मक अनुभवका प्रचुर शिक्षाहरूले समृद्ध रहेको छ। नेपाली कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि मार्क्सवाद र संशोधनवादका बीच भीषण विचारधारात्मक संघर्ष चल्दै आएको छ।

प्रारम्भमा क. पुष्पलालको नेतृत्त्वमा लोकजनवादमा आधारित क्रान्तिकारी धारा प्रभावी थियो। २०१० सालको पहिलो महाधिवेशनदेखि २०१९ सालको तेस्रो महाधिवेशनसम्म आउँदा मनमोहन अधिकारीको संवैधानिक राजतन्त्र, रायमाझीको राजतन्त्रपरस्त र तुल्सीलालको संसदवादमा आधारित दक्षिणपन्थी संशोधनवादी धारा प्रभावी बन्यो।

त्यसपछि २०२५ सालमा सम्पन्न पुष्पलाल पक्षीय राष्ट्रिय सम्मेलन, २०२८ को झापाविद्रोही धारा र केन्द्रीय न्युक्लस हुँदै २०३१ सालमा सम्पन्न चौथो महाधिवेशन पक्षीय धाराले बेग्ला बेग्लै ढंगले दक्षिणपन्थी संशोधनवादका विरुद्ध मार्क्सवाद-लेनिनवाद एवं माओविचार, नयाँ जनवाद तथा सशस्त्र संघर्षको मान्यता अवलम्बन गरे। त्यसै क्रममा नेपाली कम्युनिस्ट आन्दोलन अझै विभिन्न धारा तथा उपधाराहरूमा विभाजित बन्दै गयो।

झापाविद्रोही धाराबाट नेकपा (माले)मा विकसित धाराले २०४६ साल पश्चात् माओविचार, नयाँ जनवाद तथा सशस्त्र संघर्षलाई परित्याग गरी बहुदलीय जनवादको दक्षिणपन्थी संशोधनवादी मान्यतालाई स्वीकार गर्न पुग्यो। त्यसले मनमोहन अधिकारी, तुल्सीलाल सहितका पक्षसित एकता गरी नेकपा (एमाले) को रूप धारण गऱ्यो। अर्कोतिर त्यसधाराका विरुद्ध चौम भित्रका मशाल, विद्रोही मसाल, लामापक्षीय चौम, सर्वहारावादी श्रमिक संगठनका बीच एकता गरी नेकपा (एकता केन्द्र) बन्यो। त्यसले मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवाद, दीर्घकालीन जनयुद्ध लगायतका मान्यता अंगाल्यो। यो निकै महत्वपूर्ण उपलब्धि थियो। परन्तु, त्यस पश्चात् नेकपा (एकता केन्द्र) भित्र गम्भीर प्रकृतिका राजनीतिक विवाद पैदा भए। त्यसै क्रममा नेकपा (माओवादी) जन्मियो र त्यसले २०५२ देखि २०६३ सालसम्म महान् जनयुद्धलाई सशक्त रूपमा अगाडि बढायो। दुःखको कुरा, माओवादी धाराको मूल नेतृत्वभित्र दक्षिणपन्थी संशोधनवाद पैदा भयो र त्यसले महान् जनयुद्धप्रति गद्दारी गर्न पुग्यो। फलतः महान् जनयुद्धले गम्भीर धोका र धक्का खायो। त्यसै क्रममा माओवादी धारा विभाजित भयो।

नेपाली कम्युनिस्ट आन्दोलनको समग्र इतिहास मार्क्सवाद तथा संशोधनवादका बीचको भीषण विचारधारात्मक संघर्ष र सकारात्मक तथा नकारात्मक अनुभवमा आधारित द्वन्द्ववादी शिक्षाले समृद्ध रहेको छ। ख्रुश्चेभको आधुनिक संशोधनवाद तथा संसदवादका विरुद्ध संघर्ष गर्दै मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मान्नु, नयाँ जनवाद तथा वैज्ञानिक समाजवादको क्रान्तिकारी राजनीतिक कार्यक्रम तथा कार्यदिशा अवलम्बन गर्नु, दीर्घकालीन जनयुद्धको सामरिक कार्यदिशा स्वीकार गर्दै ऐतिहासिक झापा विद्रोह र दश वर्षीय महान् जनयुद्धको प्रकृयालाई अगाडि बढाउनु- नेपाली कम्युनिस्ट आन्दोलन र क्रान्तिका अत्यन्तै महत्वपूर्ण सकारात्मक शिक्षा हुन्। नेपाली क्रान्ति र कम्युनिस्ट आन्दोलनको इतिहासमा नेपाली जनता तथा योद्धाहरूले धेरै रगत र पसिना बगाएका छन्। यो समग्र प्रकृयामा अनेकौं वीर विराङ्नाहरूले प्राणको आहुति दिएर त्याग, वीरता र बलिदानका अनुपम कीर्तिमान स्थापित गरेका छन्। यिनले हामीलाई क्रान्तिका लागि सदैव उत्प्रेरित गर्दै आएका छन्। परन्तु अर्कोतिर नेपाली कम्युनिस्ट आन्दोलन र क्रान्तिको इतिहासमा आत्मसमर्पणवाद, पलायनवाद, विश्वासघात, धोका र गद्दारीका अनेकौं कुरूप उदाहरण पनि पाइन्छन्। यिनले पनि क्रान्तिलाई अगाडि बढाउनका लागि निश्चयनै नकारात्मक रूपमा आवश्यक शिक्षा प्रदान गर्नेछन्।

ऐतिहासिक झापाविद्रोहका बीचबाट नेकपा (माले) हुँदै एमालेमा परिणत भएको अवसरवादी उपधारा र चौम, मशाल तथा एकताकेन्द्रबाट नेकपा (माओवादी) हुँदै माओवादी केन्द्रमा परिणत भएको अवसरवादी उपधारा मिलेर एकातिर संविधान सभा मार्फत २०७२ सालमा दलाल तथा नोकरशाही पुँजीपति एवं सामन्त वर्गीय हितमा आधारित संसदवादी संविधान बनाउन पुगे भने अर्कोतिर ती दुवै दक्षिणपन्थी अवसरवादी उपधारा मिलेर एकता गरी कम्युनिस्ट नामधारी डबल नेकपाको स्वरूपमा पेश भए। त्यसै क्रममा उनीहरू झण्डै दुई तिहाइ बहुमतको सरकार बनाई प्रतिक्रियावादी शासन सत्तामा आरुढ भए र तिनले आफूलाई नेपालमा दिग्विजय गर्न सफल बन्न पुगेको चक्रवर्ती राजा सरहको देखाउँदै नाना तरहका अभिनय गर्न थाले।

परन्तु केही समय बित्दै जाँदा सत्ता, पद, निजी प्रतिष्ठा र स्वार्थका लागि ती आफ्नै पार्टीभित्र आँखा चिम्लिएर मदमत्त साँढे सरह जुद्धै गए। प्रतिनिधि सभा विघटन र पुनर्स्थापनाको प्रक्रियाका भीषण अन्तरकलह, मुद्दामामिला र द्वन्द्वका बीचबाट एमाले र माओवादी केन्द्रले पुरानै भेष धारण गर्दै 'पुनर्मूषिको भव'मा परिणत हुन पुगे। यो समग्र प्रक्रियामा नेपाली राजनीतिमा संसदीय व्यवस्था र संशोधनवाद भयावह अन्तर्विरोध र संकटका महाभुमरीमा फस्दै र असफल साबित हुँदै गएका छन्। तर दक्षिणपन्थी संशोधनवादीहरू संसदीय निर्वाचनमा बहुमत ल्याउन र क्षतविक्षत हुन लागेको प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थामा प्राण भर्नका लागि आफूलाई महाकम्युनिस्ट बताउँदै पार्टी एकताको अर्को नौटंकी गर्न थालेका छन्। बिरालाहरू मुसल्धारे पानीमा निथ्रुक्कै भिजे पनि टाउको देखाउन पछि पर्दैनन् भनेको यही हो।

अर्कोतिर, क्रान्तिकारी कम्युनिस्टहरू विभिन्न धारा, उपधारा र समूहमा छितरिएर रहेका छन्। उनीहरूले नेपाली कम्युनिस्ट आन्दोलनका क्रान्तिकारी अनुभव, शिक्षा र परम्पराको आधारशिलामा उभिएर एकातिर प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था र अर्कोतिर दक्षिणपन्थी संशोधनवादका विरुद्ध सक्दो संघर्ष गर्दै र आवाज उठाउँदै आएका छन्। यो राम्रो कुरा हो। तर ती पनि एकातिर दक्षिणपन्थी अवसरवादको जबर्जस्त प्रभाव र अर्कोतिर आआफ्ना कमी, कमजारी तथा सीमालाई नाघेर अगाडि बढ्न सकेका छैनन्। यो दुःखद कुरा हो। यी सबै विषयबारे हामीले गम्भीरतापूर्वक सोच्न जरुरी छ।

आज दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गीय प्रतिक्रियावादी राज्यसत्ता संकटग्रस्त बन्दै गएको छ। संसदीय व्यवस्था र कथित लोकतन्त्रको धज्जी उडिरहेको छ। प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्थाको रक्षाकवच बन्दै आएका दक्षिणपन्थी संशोधनवादीहरूको प्रतिक्रियावादमा पतन हुन पुगेको छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू निकै भयावह र जटिल बन्दै आएका छन्। पुराना प्रतिक्रियावादी मात्र होइन नयाँ प्रतिक्रियावादीहरू पनि पश्चगामी राज्यसत्ता र व्यवस्थालाई थाम्न असफल साबित हुँदै गएका छन्।

जनताको एउटा ठुलो हिस्सा क्रान्तिकारी विकल्पको खोजीमा छ। परन्तु दुःखको कुरा क्रान्तिका लागि वस्तुगत परिस्थिति अनुकूल बन्दै गए पनि आत्मगत परिस्थिति भने अझै प्रतिकूल नै रहेको छ।

त्यसैले, ठीक यो बेला यदि हामीहरू सच्चा क्रान्तिकारी कम्युनिस्ट हौं भने आत्मगत शक्ति बलियो बनाउनका लागि निकै गम्भीरतापूर्वक सोच्न र एकताबद्ध हुन जरुरी छ। नेपाली क्रान्ति, जनता र इमानदार नेता तथा कार्यकर्ताहरूले क्रान्तिकारी कम्युनिस्टहरूको सिद्धान्तनिष्ठ एकताको माग गरिरहेका छन्। यो मागलाई हामीहरूले राम्रोसित सुन्न र सहर्ष स्वीकार गर्न जरुरी छ। अब हामी विभिन्न समूह तथा उपसमूहमा रमाएर र आपसी आग्रह तथा पूर्वाग्रहले ग्रसित भएर बस्नु ठीक हुँदैन। परन्तु, यदि हामी पनि नामधारी कम्युनिस्ट नै हौं भने दक्षिणपन्थतिरको यात्रा सो याए हुन्छ। केही फरक पर्दैन। सच्चा क्रान्तिकारीहरूले अनेकौं आरोह-अवरोहका बीचबाट तमाम प्रतिकूलताको सामना गर्दै निश्चित रूपमा दृढ विश्वास र संकल्पका साथ क्रान्तिलाई अगाडि बढाउने नै छन्। क्रान्ति कसैले रोकेर रोकिँदैन, अन्ततः त्यो विजयी बन्दछ। प्रतिकूलताका ज्वारभाटाहरूका विरुद्ध संघर्ष गर्दै र प्रतिकूलतालाई अनुकूलतामा फेर्दै आवश्यक धैर्य र दृढताका साथ

क्रमशः पाँचौं पृष्ठमा




# वायु प्रदूषणका कारण हरेक वर्ष ७० लाखको मृत्यु : डब्लूएचओ



**काठमाडौं ।** अन्तर्राष्ट्रिय स्वास्थ्य संगठन डब्लेएचओले वायु प्रदूषण पछिल्लो समय वातावरणीय प्रदूषण मानव स्वास्थ्यका लागि सबैभन्दा ठूलो खतराको रूपमा अघि बढिरहेको उल्लेख गरेको छ। डब्लूएचओले बुधबार दिएको जानकारीअनुसार हाल प्रत्येक वर्ष ७० हजार मानिसले वायु प्रदूषणका कारण अल्पायुमै ज्यान गुमाउने गरेको छन्। यस वर्षदेखि वायु गुणस्तरसम्बन्धी निर्देशिकालाई थप मजबुत बनाएको डब्लूएचओले वायु प्रदूषणको जोखिम कम गर्न तत्काल कदम चाल्नु आवश्यक भएकाप्रति जोड दिँदै मानव श्वासप्रश्वासमा देखिने अन्य समस्यामा धूम्रपान र अस्वास्थ्यकर भोजनसँग सम्बन्धित रहेको पनि उल्लेख गरेको छ।

'वायुको गुणस्तरसम्बन्धी सबै निर्देशनहरू कमजोर रहेको भन्दै यसको सुधारका लागि कठोर नीति लिने बताएको छ' डब्लूएचओका अधिकारीहरूले भनेका छन्- 'वायु प्रदूषण तथा स्वस्थ आहारमा ध्यान दिन मात्रै सकेमा विश्वमा लाखौंको ज्यान जोगाउन सकिन्छ।'

'वायु प्रदूषण नियन्त्रणका लागि ल्याइने नयाँ कानुनको उद्देश्य वायु प्रदूषणको प्रतिकूल असरबाट मानिसलाई जोगाउनु हो र यसबाट सरकारहरूले कानूनी तवरमा बाध्यकारी स्तरहरूको सन्दर्भको रूपमा प्रयोग गर्नेछन्' उसले भनेको छ।

संयुक्त राष्ट्रसंघीय स्वास्थ्य निकायले सन् २००५ मा अन्तिम पटक वायु गुणस्तर सम्बन्धी दिशानिर्देश (एक्यूजी) जारी गरेको थियो। जसले विश्वभरी प्रदूषण कम गर्ने नीतिहरूमा उल्लेखनीय प्रभाव पारेको छ तथापि विश्वस्वास्थ्य संगठनले १६ वर्षभित्रमा वायु प्रदूषणले पहिलेभन्दा कम मात्रामा स्वास्थ्यमा कस्तो असर पार्छ भन्ने कुरा देखाउँदै अझ बलियो प्रमाणहरू देखा परेको कुरा उल्लेख गरेको छ।

'विशेष देश वा क्षेत्रहरूमा मात्र नभई विश्वव्यापी रूपमा प्रमुख वायु प्रदूषकहरूको संख्या जोखिम कम गर्न गरिएका कार्यहरूको सफाइ दिन कुनै देश विशेष मात्र नभई विश्व समुदाय नै चुकेका प्रमाण पर्याप्त पाइन्छन्' संगठनले भनेले उल्लेख गरेको छ।

यो नयाँ दिशानिर्देश अक्टोबर ३१ देखि नोभेम्बर १२ सम्म बेलायतको ग्लासगोमा आयोजित विश्वव्यापी जलवायु शिखर सम्मेलन (कोप-२६) का लागि ठीक समयमा आएको छ।

संगठनकाअनुसार जलवायु परिवर्तन सँगसँगै वायु प्रदूषण मानव स्वास्थ्यका लागि सबैभन्दा ठूलो वातावरणीय खतरा हो। वायु गुणस्तर सुधार गर्दा जलवायु परिवर्तन कम गर्ने प्रयासमा वृद्धि हुनेछ र वायु गुणस्तर सुधार नगर्दा यसको ठीक विपरीत प्रभाव पर्ने संगठनको ठहर छ।

विश्वको नयाँ दिशानिर्देशअनुसार ओजोन, नाइट्रोजन डाइअक्साइड, सल्फर डाइअक्साइड र कार्बन मोनोअक्साइडलगायत छ वटा प्रदूषकका लागि वायु गुणस्तरको स्तर सिफारिस गरिएको छ।

अन्य दुईमा १० र २.५ माइक्रोन वा सोभन्दा सानो पदार्थ स्वस्थ जीवनका लागि खतरनाक मानिने गर्छ। किनकी यिनीहरू फोक्सोमा सहजै गहिरो तहसम्म प्रवेश गर्न सक्षम हुन्छन् तर अनुसन्धानले देखाएअनुसार पीएम २.५ रक्तप्रवाहमा समेत प्रवेश गर्न सक्छ। यसको परिणामस्वरूप मुख्यतया मुटु र श्वासप्रश्वाससम्बन्धी समस्या हुन्छ तर अन्य अंगहरूलाई पनि असर गर्ने डब्लूएचओले बताएको छ। सन् २०१९ मा, विश्व जनसंख्याको ९० प्रतिशतभन्दा बढी मानिसहरू लामो समयसम्म पीएम २.५ को जोखिमका लागि २००५ एक्यूजी भन्दा बढी भएको क्षेत्रमा बसोबास गर्थे। दक्षिणपूर्वी एसिया वायु प्रदूषका कारण सबैभन्दा बढी प्रभावित क्षेत्र हो।

'वायु प्रदूषण सबै देशहरूमा स्वास्थ्यका लागि खतरा हो तर यसले निम्न तथा मध्यम आय भएका देशका मानिसहरूलाई सबैभन्दा बढी असर गर्छ। संगठनका अनुसार सन् १९९० को दशकदेखि उच्चआय भएका देशहरूमा वायु गुणस्तरमा उल्लेखनीय सुधार आएको भए तापनि विश्वव्यापी रूपमा मर्नेहरूको संख्या र सबैभन्दा धेरै स्वस्थ जीवन गुमेको वर्षलाई घोषणा गरेको पाइँदैन' डब्ल्यूएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेयससले भने- 'देशहरूको कमजोर आर्थिक अवस्थाका कारण धेरै देशहरूमा वायु गुणस्तर सामान्यतया खस्कँदै गएको छ।'

'हरेक वर्ष वायु प्रदूषणले गर्दा ७० लाख अकालमै मृत्यु हुने अनुमान गरिएको छ र यसले गर्दा लाखौं मानिसको ज्यान गएको अनुमान गरिएको छ' डब्लूएचओले भनेको छ।'

बच्चाहरूमा फोक्सोको वृद्धि र काम गर्ने क्षमता, श्वासप्रश्वाससम्बन्धी संक्रमण तथा दम भन्नै बढेको हुनसक्छ। वयस्कहरूमा, इस्केमिक मुटु रोग, जसलाई कोरोनरी मुटुसम्बन्धी रोग पनि भनिन्छ र मस्तिष्कघात लगायतका बाहिरी वायु प्रदूषणले गर्दा अकालमा हुने मृत्युको सबैभन्दा सामान्य कारण हो। मधुमेह र न्युरोडजेनेरेटिभ अवस्था जस्ता अन्य प्रभावहरूको प्रमाण पनि देखा पर्न थालेको संगठनले उल्लेख गरेको छ।

विश्वस्वास्थ्य संघले बताएअनुसार वायु प्रदूषणले गर्दा हुने रोगको बोझ 'अस्वास्थ्यकर भोजन र धूम्रपानजस्ता विश्वव्यापी स्वास्थ्यसम्बन्धी अन्य प्रमुख खतराहरूसित' पनि सम्बन्धित छ।

# नोबेल पुरस्कार विजेतालाई सम्बन्धित देशमार्फत नै पुरस्कार प्रदान गरिने

**काठमाडौं ।** विश्वव्याधी कोरोना भाइरसका कारण यो वर्षको नोबेल पुरस्कारअन्तर्गत विज्ञान तथा साहित्यतर्फका पुरस्कार विजेताहरूलाई उनीहरूकै देशमार्फत नै पुरस्कार प्रदान गर्ने व्यवस्था गरिएको नोवेल पुरस्कार फाउन्डेसनले बनाएको समितिले जानकारी दिएको छ।

समितिले बिहीबार जनाएअनुसार कोभिड-१९ महामारीलाई उद्दृत गर्दै सो व्यवस्था गरिएको जानकारी दिएको हो। परम्परागत रूपमा नर्वेबाट प्रदान गरिँदै आएको नोवेल शान्ति पुरस्कारसम्बन्धी निर्णयबारे भने अहिलेसम्म कुनै निर्णय नगरिएको फाउन्डेसनले जानकारी बताएको छ।

नोवेल समितिले यसवर्षको नोवेल शान्ति पुरस्कार विजेतालाई ओस्लोमा स्वागत गर्ने सम्भावना अझै खुला राखेको छ। समितिले ओस्लो समारोहको ढाँचा अक्टोबर महिनाको मध्यसम्ममा घोषणा गर्ने पनि उल्लेख गरिएको छ। नोवेल फाउन्डेसनका कार्यकारी निर्देशक विदार हेल्गेसिनद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ- 'मेरो विचारमा सबैजना कोभिड-१९ को महामारी समाप्त होस् भन्ने चाहन्छ, तर हामी अहिलेसम्म त्यहाँ छैनौं।'

हेल्गेसिनले पुरस्कार वितरण व्यवस्था सम्बन्धमा थपे- 'महामारी र अन्तर्राष्ट्रिय यात्रा सम्भावनाको ढाँचाबारे अझै अनिश्चितता रहेकाले सन् २०२१ का पुरस्कार विजेताहरूले आफ्नो गृहदेशमा नै आफ्नो पदक र प्रमाणपत्र पाउने व्यवस्था गर्न नहुने खासै कारण देखिएन।'

सो दिन पुरस्कारका संस्थापक अल्फ्रेड नोबेलको मृत्युको वार्षिकोत्सवका दिन डिसेम्बर १० मा दुई स्कान्डेनेभियाली राजधानीमा भव्य समारोहबीच पुरस्कार वितरण गर्ने प्रचलन छ। अल्फ्रेडको मृत्यु सन् १८९६ डिसेम्बर १० का दिन भएको थियो। विजेताहरूको घोषणा भने अक्टोबर महिनाको सुरुमा गरिनेछ।

गत वर्ष पनि फाउन्डेसनले महामारीमाथि लगाइएको यात्रा प्रतिबन्धका कारण पुरस्कार प्राप्त गर्नेहरूलाई उनीहरूकै गृह देशमा विज्ञान र साहित्य पुरस्कार दिने निर्णय गरेको थियो।

विज्ञान विधाअन्तर्गत चिकित्सा, रसायनशास्त्र र भौतिकशास्त्रमा पुरस्कार दिने गरिएको छ। सन् २०२० मा जस्तै सन् २०२१ मा पनि पुरस्कार समारोहलाई 'डिजिटल र भौतिक स्वरूपमा हुने फाउन्डेसनले जानकारी गराएको छ।

पहिलो सन् १९०१ देखि पुरस्कार दिएपछि यसवर्षसम्म आइपुग्दा फाउन्डेसनले १२०औं वार्षिकोत्सव मनाउने तयारीमा जुटेको छ। नोवेल पुरस्कारको घोषणा सामान्यतया अक्टोबर ४ देखि ११ सम्म गरिन्छ। आगामी अक्टोबर महिनाको ४ तारिखमा चिकित्सातर्फको पुरस्कार घोषणा गरिनेछ भने अक्टोबर ५ मा भौतिकशास्त्र तथा अक्टोबर ६ मा रसायनशास्त्रतर्फको पुरस्कार घोषणा गरिनेछ।

बहुप्रतिक्षित साहित्य र शान्ति पुरस्कार क्रमशः अक्टोबर ७ र ८ मा घोषणा गरिने र अक्टोबर ११ का दिन स्वीडेनको केन्द्रीय बैंकले स्थापना गरेको अर्थशास्त्रतर्फको पुरस्कार घोषणा हुनेछ।

# एक महिनामा सयभन्दा बढी मानवअधिकार उल्लंघनका घटना

**काठमाडौं ।** गतको भदौ महिनाभर मुलुकका विभिन्न क्षेत्रमा भएका एक सयभन्दा बढी मानवअधिकारी उल्लंघन र ज्यादतीका घटनाबाट सबैभन्दा बढी महिला र बालबालिका पीडित भएको देखिएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले भदौ महिनाभर एक सय दुई व्यक्ति मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनामध्ये सबैभन्दा बढी महिला र बालबालिका पीडित भएका हुन्।

इन्सेकले बिहीबार सार्वजनिक गरेको सोही प्रतिवेदनअनुसार सबैभन्दा बढी ८७ महिला र १५ जना पुरुष मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनाबाट पीडित भएको उल्लेख छ।

प्रदेश २ मा २५, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा १५, गण्डकी र वाग्मती प्रदेशमा १३/१३, प्रदेश १ मा १० र सुदूरपश्चिम प्रदेशमा ८ जना त्यसखाले घटनाबाट पीडित भएको पनि सोही प्रतिवेदनमा उल्लेख गरिएको छ। भदौ महिनामा अपहरणका घटनामा दुई, कुटपिटका घटनामा दुई, घाइते एक, दुर्व्यवहारका घटनामा चार र धम्कीका घटनामा दुईजना पीडित भएका इन्सेकले जनाएको छ।

सोही अवधिमा ९ जनाको हत्याका घटना तथा बालअधिकार उल्लंघनका ४७ र महिला अधिकार उल्लंघनका घटनामा ३५ जना पीडित भएका प्रतिवेदनमा उल्लेख छ। बालअधिकार उल्लंघनका घटनामा परी ४६ बालिका र एक बालक गरी ४७ जना बालबालिका पीडित भएका इन्सेकले बताएको छ। घटनामध्ये बलात्कारका ३८, यौन दुर्व्यवहार ६, बेचबिखन प्रयास र विद्यालयमा शारीरिक दण्ड सजायबाट एक-एक जना पीडित भएको सोही प्रतिवेदनमा उल्लेख छ।

# गोदाममै थन्कियो पीसीआर मेसिन

**मन्थली ।** कोरोना परीक्षणका लागि रामेछापमा ल्याइएको पीसीआर मेसिन जिल्ला अस्पतालको गोदाममा थन्किएको छ। जिल्ला अस्पतालमा दुई महिनाअघि नै आइपुगेको उक्त मेसिन सम्बन्धित निकायको ढिलासुस्तीका कारण गोदाममै थन्किएको हो।

बाग्मती प्रदेश सरकारको सहयोगमा कोरोना परीक्षणको दर बढाउन भन्दै ल्याइएको मेसिन सञ्चालनमा आउँदा नसक्दा आफूहरु कोरोना परीक्षणका लागि काठमाडौं, सिन्धुली, धुलिखेललगायतका अस्पतालमा पुग्नु परेको यतत्रत सुनिन थालेको छ। मेसिन थन्किएकोबारे सरोकारवालाले चासो नराख्दा नागरिक कहरु सास्ती व्होर्न बाध्य बनेका छन्।

'मेसिन मात्रै आएर हुँदैन, सञ्चालन गर्न संरचना र दक्ष जनशक्ति चाहिन्छ, त्यो अब पूरा हुँदैछ। चाँडै परीक्षण सेवा सुरु हुन्छ' जिल्ला अस्पतालका निमित्त प्रमुख दीपेन्द्रनारायण श्रेष्ठले सुनाए।

# एक हप्ता पछि सऱ्यो क्रान्तिकारीको २२औं सम्मेलन

**काठमाडौं ।** यही असोज ८ गतेदेखि हुने भनिएको नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी संगठन अनेरास्ववियु (क्रान्तिकारी)को २२औं राष्ट्रिय सम्मेलनमा तयारी नपुगेको भन्दै केही दिन पस सारिएको छ।

उक्त दलका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र विद्यार्थी इन्चार्ज हितमान शाक्यको उपस्थितिमा बसेको हाले बैठकले विद्यार्थी सम्मेलन आगामी असोज १४ देखि १६ गतेसम्मका लागि सार्ने निर्णय भएको क्रान्तिकारीका उपाध्यक्ष सुरेन्द्र बस्नेतले जानकारी दिए। बस्नेतकाअनुसार सम्मेलनको तयारी नपुगेकाले सम्मेलन सार्नु परेको हो।

हालसम्म सुदूरपश्चिम र कर्णाली प्रदेशको सम्मेलन र ६० वटा मात्र जिल्ला सम्मेलन भएको क्रान्तिकारीले बताएको छ। संघीय राजधानीको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानको सभाहलमा आयोजना हुने राष्ट्रिय सम्मेलनमा आठसय ९९ प्रतिनिधि सहभागी हुने र बन्दसत्र भने कीर्तिपुरस्थित केन्द्रीय क्याम्पसमा गर्ने तयारी रहेको उनले बताए।

गत भदौ २६ गते विधान सम्मेलन गरेको क्रान्तिकारीले सोही सम्मेलनबाट २३ पदाधिकारीसहित एकसय ९९ केन्द्रीय समिति बनाउने निर्णय गरेको थियो। क्रान्तिकारीले यसअघि चार वर्षअघि २०७४ मा २१औं सम्मेलन गरेको थियो।

# किचलो यथावत : अनिश्चिततातर्फ कांग्रेसको सुर्खेत र डोल्पा अधिवेशन

**काठमाडौं ।** क्रियाशील सदस्यता विवादले निकास पाउन नसक्दा महाधिवेशनको तयारीमा लागेको नेपाली काँग्रेसको कतिपय धेरै जिल्लाका वडा अधिवेशन समेत अनिश्चिततर्फ धकेलिएको छ।

सदस्यताबारे जारी कचिङ्गलकै कारण यतिबेला सुर्खेत र डोल्पामा वडा अधिवेशन अनिश्चित बनेको हो। दस जिल्ला रहेको कर्णालीका प्रदेशमा दुई जिल्लाको वडा अधिवेशन अझै टुंगो लाग्न सकेको छैन। डोल्पामा राप्रपा र सुर्खेतमा अखण्ड नेपाल पार्टीबाट समायोजन भई आएकालाई क्रियाशील सदस्यता दिने विषयमा विवाद रहेको काँग्रेसको भनाइ छ।

काँग्रेस सुर्खेत जिल्ला सभापति कमलराज रेग्मीले पार्टी केन्द्रले अखण्ड नेपालबाट आएका एकसय ९९ लाई सदस्यता दिने परिपत्र पठाएपछि आफूहरु सहमत हुन नसकेको जानकारी दिए। 'आज १३ जिल्लामा वडा अधिवेशन भइरहेको छ, तर सुर्खेतमा कहिले गर्ने ? केही टुंगो छैन' उनले थपे- 'क्रियाशील सदस्यताको विवाद टुंगिएको छैन, केन्द्रले निर्वाचन अधिकृत पनि पठाएको छैन।' पार्टी केन्द्रले सस्यदा विवाद समाधान गर्न ढिलाइ गर्दा सुर्खेतका कतिपय वडामा उम्मेदवारी घोषणा भइसक्दा समेत कार्यकर्तामा अन्योलता बढेको छ।

सदस्यता विवादकै कारण वडा अधिवेशन अनिश्चित बनेको भन्दै डोल्पा राप्रपाबाट समायोजन भई काँग्रेसमा केन्द्रीय सदस्य रहेका कर्ण बुढाले एकलौटी सदस्यता वितरण गरेको भन्दै जिल्ला नेतृत्वले असहमति दर्ज गरेको बताए।

# थपिए २४ घन्टामै हजारौं संक्रमित



**काठमाडौं ।** पहिलो पटक नेपालमा एक जनामा संक्रमित फेला पर्दा मुलुकभर निषेधाज्ञा 'लकडाउन' गरिएको अवस्था थियो भने यतिबेला दैनिक हजारौं संक्रिमत थपिरहेकै अवस्थामा स्कुल-कलेजलगायत सार्वजनिक सवारी समेत सञ्चालन गरेसँगै नागरिकहरू पनि अनावश्यक बेर्पवाहा भिडभाडमा निस्किएपछि संक्रमित ह्वात्तै बढ्ने विज्ञहरुले बताएका छन्।

पछिल्लो २४ घण्टामा एक हजार २३९ कोरोना भाइरस संक्रमित थपिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार १५ हजार दुइसय ४३ नमूना परीक्षण गर्दा ती संक्रमित फेला परेका हुन्।

यतिबेला नेपालमा संक्रमण दर १९.१ प्रतिशत रहेको छ। यससँगै यतिबेला मुलुकभर सक्रिय संक्रमितको संख्या २० हजार सातसय ४३ जना रहेको छ। त्यस्तै पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला नौ र दुई सयभन्दा बढी संक्रमित भएका जिल्ला २० रहेको पनि मन्त्रालयले उल्लेख गरेको छ।

हाल मोरङ, सुनसरी, झापा, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर, कास्की र रूपन्देहीमा पाँच सयभन्दा बढी संक्रमित रहेका छन्।

सोही २४ घण्टाको अवधिमा एक हजार तीन सय २४ जना संक्रमणमुक्त भएका छन्। योसँगै नेपालमा हालसम्म संक्रमणमुक्त हुने कूल संख्या सात लाख ५६ हजार नौसय ५४ पुगेको छ। यही अवधिमा संक्रमणमुक्त हुने दर भने ९६ प्रतिशत रहेको तथ्यांकले देखाएको छ।

यस्तै संक्रमणबाट पछिल्लो २४ घण्टामा १३ जनाको निधन भएको छ। नेपालमा पहिलो पटक कोरोना पुष्टि भएदेखि हालसम्म संक्रमणबाट ११ हजार ७२ जनाको ज्यान गइसकेको पनि स्वास्थ्य मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

## नेकपाको...

*अगाडि बढ्नु नै क्रान्तिकारी कम्युनिस्टहरूको असली दायित्व हो। हामी यस दायित्वप्रति प्रतिबद्ध हुन जरुरी छ।*

*क्रान्तिकारी कम्युनिस्टहरूको सिद्धान्तनिष्ठ एकता आजको ऐतिहासिक आवश्यकता हो। क्रान्तिकारी कम्युनिस्टहरूका बीच पार्टी एकताको आधार तयार पार्नका लागि सैद्धान्तिक, राजनीतिक तथा सांगठनिक विषयसँग सम्बन्धित निश्चित मापदण्डहरूलाई अगाडि बढाउन आवश्यक हुन्छ। यस सन्दर्भमा विशेष दृष्टि दिनुपर्ने मूल विषय यी हुन्ः*

१. *मार्क्सवाद-लेनिनवाद-माओवाद वा विचारधारा र महान सर्वहारा सांस्कृतिक क्रान्तिलाई अंगीकार गर्नु।*
२. *नयाँ जनवाद तथा वैज्ञानिक समाजवादलाई स्विकार्नु।*
३. *प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था, संसदवाद र मन्त्रिमण्डलवादका विरुद्ध जानु।*
४. *बलप्रयोगको सिद्धान्तलाई अवलम्बन गर्नु।*
५. *सर्वहारा अन्तराष्ट्रियतावादलाई अंगाल्नु।*
६. *जनवादी केन्द्रीयताको सिद्धान्तलाई मान्नु। हामीले उक्त विषयमाथि गहन तथा विशद छलफल तथा बहस, विचार विमर्श र संवाद गरी एउटा निश्चित अवधिभित्र सही संश्लेषण र सकारात्मक निष्कर्षमा पुग्नका लागि गंभीरतापूर्वक प्रयत्न गर्न जरुरी छ।*

*यो बेला देशमा गम्भीर एवं जटिल बन्दै आएका राष्ट्रिय स्वाधीनता, जनतन्त्र तथा जनजीविकाका समस्याहरूको सही समाधान खोज्न, संकटग्रस्त बन्दै गएको प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध नयाँ जनवाद र वैज्ञानिक समाजवादको सशक्त विकल्प पेश गर्न, दक्षिणपन्थी संशोधनवादीहरूका नानातरहका विभ्रमहरूलाई चिर्न र क्रान्तिको आँधीबेहरी सृष्टि गर्दै अगाडि बढ्न नितान्त जरुरी छ। यसका लागि क्रान्तिकारी कम्युनिस्टहरू एकताबद्ध हुनु विशेष ऐतिहासिक आवश्यकता एवं दायित्व बन्न गएको छ। यस यथार्थलाई गम्भीरतापूर्वक हृदयङ्गम गर्न हामी सबन्धित सबै पक्ष तथा कमरेडहरूसित विशेष एवं विनम्र अनुरोध गर्दछौं। (मुलबाटोबाट)*

## सुडानमा 'कू' को प्रयास

**काठमाडौं।** सुडानमा मंगलबार सुरक्षाकर्मी समेतको सहयोगमा 'कू' को प्रयासपछि त्यहाँका प्रधानमन्त्री अब्दुल्लाह हम्दोकले सैन्य विद्रोहको प्रयासले सेना र सुरक्षा निकायमा सुधारको खाँचो देखिएको उल्लेख गरेका छन्।

'सुरक्षाकर्मी समेतको सहयोगमा राज्य विद्रोह प्रयासले राष्ट्रिय संकटको एउटा उदाहरण पुष्टि गरेको छ। यसले हाम्रा सुरक्षा निकायहरू र सैन्य संस्थाहरूको सुधारको आवश्यकतालाई संकेत गर्छ' सुडानी प्रधानमन्त्री हम्दोकले सुडानी टेलिभिजनमा प्रसारण गरिएको सम्बोधनमा उल्लेख गरेका छन्।

विद्रोहलाई सन् २०१९ मा पदच्यूत गरिएका पूर्वसुडानी राष्ट्रपति उमर अल बासिरका समर्थकहरूले प्रजातान्त्रिक परिवर्तनलाई कमजोर पार्ने प्रयासको रूपमा टिप्पणी गरेका छन्। हम्दोकले विद्रोहमा संलग्न सबैलाई कानुनी दायरामा ल्याइने पनि सोही सम्बोधनमा बताएका छन्।

## भारतीय सेनाको हेलिकप्टर दुर्घटना : दुई पाइलटको मृत्यु

**काठमाडौं।** भारतीय सेनाको हेलिकोप्टर जम्मू कश्मीरको उधमपुर जिल्लाको पाटनीटप नजिकैको पहाडमा दुर्घटना हुँदा दुई जना पाइलटको मृत्यु भएको छ।

सेनाको उड्डयन हेलिकप्टरका पाइलटहरू, मेजर रोहित कुमार र मेजर अनुज राजपूत दुवै गम्भीर घाइते भएपछि उनीहरूलाई तत्काल उद्धार गरी हेलिकप्टरबाट अस्पताल लगिए पनि स्थानीय अधिकारीअनुसार उनीहरूको उपचारकै क्रममा मत्यु भएको थियो।

सामाजिक सञ्जालमा सेयर गरिएका दृश्यहरूमा पहाडमा हेलिकप्टर खसेको दृश्य र स्थानीय बासिन्दाले पाइलटलाई उद्धार गरिरहेका दृश्यहरू देखाइएको छ।


## समग्र कृषिकर्म गर्ने सिलसिलामा Covid- 19 Pandemic का सम्बन्धमा अपनाउनुपर्ने Protocal

विश्वव्यापीरुपमै महामारीका रुपमा फैलिएको कोभिड- १९ रोगको प्रकोपले नेपालमा पनि निकै ठूलो जनधनको क्षति पुऱ्याइसकेको छ। यो महामारी अझै नियन्त्रणमा आइसकेको छैन। कोभिड- १९ रोगको जोखिमकै अवस्थामा समेत कृषिकर्मलाई नियमित नराखे निकट भविष्यमा खाद्य तथा पोषण असुरक्षाको अवस्था आउन सक्ने सम्भावना भएकाले आवश्यक सतर्कता अपनाएर कृषिसम्बन्धी गतिविधिहरु नियमित सञ्चालन गरिरहनु आवश्यक छ। कोभिड- १९ रोगको सङ्क्रमणबाट बच्दै कृषिकर्म निरन्तर कायम राख्न अपनाउनुपर्ने सावधानीका उपायसहित देहायबमोजिमका **Protocal** अपनाउनुहुन सम्बन्धित सबैमा अनुरोध छ-

- कोभिड- १९ रोगको सङ्क्रमणबाट बच्न नेपाल सरकारले तोकेका मापदण्डको पूर्ण पालनाका साथ कृषिकर्म गर्ने।
- न्यूनतम सामाजिक दूरी २ मिटर कायम हुने गरी स-साना समूह-उपसमूहमा रहेर कृषिकर्म गर्ने।
- सम्भव भएसम्म कम श्रम लाग्ने प्रविधि तथा मेसिनहरुको प्रयोग गर्ने, सकेसम्म थोरै मानिस संलग्न हुने।
- कृषि मेसिनरीहरुको प्रयोगअघि र प्रयोगपछि साबुन-पानीले राम्ररी हात धुने तथा निसङ्क्रमणमा पर्याप्त ध्यान दिने।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको **Covid- 19 Pandemic** का सम्बन्धमा कृषि क्षेत्रले अपनाउनुपर्ने **Protocal** को पालना गर्ने/गराउने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
हरिहरभवन, ललितपुर, नेपाल



## अनलाइनमार्फत घरबाट नै घरजग्गाको कारोबार गर्न सकिनेबारे सेवाग्राही महानुभावहरूलाई सूचना !

भू-सेवा केन्द्र (Public Access Module/PAN) लागू भएका कार्यालयहरुबाट अब घरबाटै घरजग्गाको कारोबारका लागि लिखत तयार गर्न सकिन्छ। यसका लागि जग्गासम्बन्धी आधारभूत ज्ञान भएको कम्प्युटर चलाउन सक्ने व्यक्तिले www.public.dolma.np मा गई आवश्यक प्रक्रिया पूरा गरी घरजग्गा कारोबारका लागि निवेदन दर्ता गर्न तथा लिखत तयार गर्न सक्नेछन्। यसका लागि व्यक्ति स्वयंले मालपोत कार्यालयहरुबाट अनुमति प्राप्त भू-सेवा केन्द्र वा स्थानीय तहहरुमार्फत अनलाइन आवेदन दर्ता गरी जग्गाको कारोबार गर्न सक्नेछन्। सो गरी अनलाइनबाट निर्मित लिखत तथा अन्य तोकिएका कागजातहरु लिई थप कार्य गर्न मात्र कार्यालय जानुपर्ने गरी प्रणाली विकास गरिएको छ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
बबरमहल, काठमाडौं



## वन तथा वातावरण मन्त्रालयद्वारा जनहितमा जारी सन्देश !

- कुनै पनि पदार्थसँग हावामा रहेको अक्सिजनको द्रुत गतिमा हुने संयोगबाट निस्कने ताप, प्रकाश र ज्वालालाई आगो भनिन्छ। वनजङ्गल, भीरपाखा तथा खरबारीमा हुने अनियन्त्रित आगलागीलाई वन डढेलो भनिन्छ। वन डढेलो प्रायः चैतदेखि जेठसम्म र कहिलेकहीं असारसम्म लाग्ने गर्दछ।
- प्रज्वलनशील वस्तु, अक्सिजन र तापको स्रोत आगो बाल्नका लागि चाहिन्छ। यी तीन स्रोतमध्ये कुनै पनि एकको अनुपस्थितिमा आगो लाग्न सक्दैन।
- वन डढेलो प्राकृतिक र मानवजन्य क्रियाकलापबाट लाग्ने गर्दछ। तर, नेपालमा स्वार्थपूर्तिका लागि ६४ प्रतिशत र अन्जान वा हेलचेक्र्याइँबाट ३२ प्रतिशत आगो लाग्ने गर्दछ। त्यसैले निहीत स्वार्थका लागि वन डढेलो लगाउने कार्य आजैदेखि बन्द गरौं।
- वन डढेलोले सयौं वर्ष लगाएर हुर्के-बढेका दुर्लभ वनस्पति, वन्यजन्तु र जैविक विविधताको निमेषभरमै नास गर्ने, जंगलमा रहेका खानेपानीका पाइपहरु जलाई नष्ट पार्ने, कहिलेकहीं वस्तीमा आगो सर्न गई ठूलो परिमाणको जनधनको क्षति हुने, माटोको गुणमा परिवर्तन ल्याउने, वायुमण्डलमा कार्बनडाइअक्साइडको मात्रा बढाउने कार्य समाजकै कलङ्कका रुपमा रहेको जघन्य अपराध हो।
- डढेलो लगाउने व्यक्तिलाई सामाजिक बहिष्कार गरौं। हिन्दूहरुको धर्मग्रन्थ गरुड पुराणमा उल्लेख भएअनुसार वनजंगलमा आगो लगाने मानिस 'पापी' हो र उक्त 'पाप' गर्ने मानिसले 'नरक' मा बस्नुपर्छ। त्यस्तै, मुलुकी ऐनमा 'आगो लगाउने' को महलमा यसलाई फौजदारी अपराधका रुपमा लिइएको छ। वन ऐन, २०७६ मा भएको कानुनी व्यवस्थाबमोजिम जंगलमा आगो लगाउने व्यक्तिलाई वनजंगल क्षतिवापतको रकम असुलउपर गरी तीन वर्षसम्म कैद र रु. ६०,०००।- सम्म जरिवाना वा दुवै सजाय हुन्छ।
- त्यसैले, वनजंगलमा आगो लगाउने व्यक्तिको सुराक दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई उचित पुरस्कारको समेत व्यवस्था गरिएको हुँदा आगो लगाउने व्यक्तिको सूचना सम्बन्धित जिल्लाका डिभिजन वन कार्यालयमा दिऔं। साथै, त्यस्ता व्यक्तिलाई समूहको विधान तथा वन ऐनबमोजिम कारबाही गर्ने गरौं।
- यदि वनजंगलमा आगो लागिहालेमा तुरुन्तै आम उपभोक्ता तथा सम्पूर्ण स्थानीयहरु मिली नियन्त्रण गरौं र प्रकृतिका अनमोल सम्पदाको रक्षा गर्ने गरौं।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वन तथा भू-संरक्षण विभाग**
बबरमहल, काठमाडौं

## निरन्तर...

एमसीसी यथास्थितिमा पारित हुने अवस्था नरहेको उल्लेख गर्दै त्यसलाई पुनःपरिभाषित गर्नुपर्ने पक्षमा माओवादी रहेको बताए- 'यथास्थितिमा एमसीसी पारित हुने स्थिति बन्दैन, उठेका प्रश्नको 'सोलुसन' गरेर मात्र यसका बारेमा सोच्न सकिन्छ भनेर मैले प्रधानमन्त्रीलाई भनेको छु। एमसीसीका कारण अहिलेको पाँच दलीय गठबन्धन टुट्दैन, प्रभाव पनि पार्दैन।'

कार्यक्रमकै क्रममा उनले बागमती प्रदेश र प्रदेश नं १ मा पनि अबको हप्ता दश दिनभित्रमा गठबन्धनको सरकार बन्ने जानकारी समेत दिए।

कार्यक्रममा पार्टी स्थायी समितिका सदस्य नारायणकाजी श्रेष्ठले पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्दा जित सुनिश्चित हुने विश्लेषण गरे।

यसैबीच पार्टी प्रदेश समितिका संयोजक एवं प्रतिनिधिसभा सदस्य हरि अधिकारीले गण्डकी प्रदेशका ११ वटै जिल्लामा पार्टी सदस्यता नवीकरणलगायतका सङ्गठनात्मक गतिविधि अघि बढाइएको जानकारी दिए।

केन्द्रीय समितिबाट पारित सङ्गठनात्मक कार्य तोकिएको समयभित्रै भइरहेको बताउँदै नेता श्रेष्ठले जनवर्गीय सङ्गठनका कामलाई समेत छिट्टै सुरु गरिने जानकारी गराएका थिए।

## नेकपा एसको...

असमानता र विभेदको समाप्तिका लागि संघर्ष गर्नु र निःस्वार्थ रूपमा देश, जनता र क्रान्तिको सेवामा समर्पित हुनु यस पार्टीको कर्तव्य हुनेछ' नेपालको सो प्रतिवेदनमा उल्लेख छ।

पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद रहेको उल्लेख गरिएको उक्त प्रतिवेदनमा मार्क्सवाद-लेनिनवाद क्रान्तिकारी चरित्रको वैज्ञानिक विश्वदृष्टिकोण र श्रमजीवी वर्गको मुक्ति एवं समाज परिवर्तनको मार्गदर्शक सिद्धान्त रहेको समेत बताइएको छ।

मंगलबारदेखि जारी नेकपा एस पार्टीको उक्त बैठकले पदाधिकारी, स्थायी कमिटी, पोलिटब्यूरो र केन्द्रीय कमिटी गठन गरेको पार्टी सचिव तथा प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिएका हुन्।

खतिवडाका अनुसार बैठकले एक अध्यक्ष, एक वरिष्ठ नेता, सात उपाध्यक्ष, एक महासचिव, तीन उपमहासचिव र चार सचिव चयन गरेको छ। जम्मा ३५ सदस्यीय स्थायी कमिटी, ७१ सदस्यीय पोलिटब्यूरो र ३०१ सदस्यीय केन्द्रीय कमिटी गठन गरिएको हो।

सबै प्रदेश तथा जिल्ला इञ्चार्ज समेत तोक्नुका साथै केन्द्रीय कमिटीबाहेक सबै कमिटीमा दुई उपाध्यक्षको व्यवस्था गरिएको छ। बैठकले 'तत्कालीन कार्ययोजना' २०७८ पारित गरेको छ। तीन महिनाभित्र सबै स्थानीय तहका वडामा कमिटी गठन गर्ने लक्ष्य राखिएको पनि खतिवडाले बताए।

बैठकले ७०१ सदस्यीय केन्द्रीय परिषद् गठन गर्ने निर्णय गरेको छ। पार्टीमा अनुशासन, निर्वाचन र लेखा गरी तीन आयोग रहने छन्। केन्द्रीय सल्लाहकार र ज्येष्ठ नागरिक मञ्च गठन गरिएको उक्त पार्टीले बताएको छ।

बैठकमा पार्टी अध्यक्ष माधवकुमार नेपालले राजनीतिक प्रतिवेदनमाथि विभिन्न पाँच समूह बनाइ छलफल भएको थियो। बैठकमा पार्टीलाई प्रभावशाली ढंगबाट देशभर संगठन विस्तार, पार्टीले निर्वाह गर्नुपर्ने भूमिका, समसामयिक राजनीतिक विषयवस्तुलगायत विषयमा आवश्यक रणनीति तयार गर्नेबारे छलफल भएको केन्द्रीय सदस्य दिलुकुमारी पन्तले जानकारी दिइन्।

प्रचार विभाग प्रमुख खतिवडाका अनुसार विभिन्न पाँच वटा समूहमा पार्टी केन्द्रीय सदस्यले आ-आफ्नो धारणा राखेको थिए। छलफलका क्रममा आएका धारणाका निष्कर्षलाई समूहका नेताले बैठकमा प्रस्तुत गरेका थिए।

उक्त बैठकमा समूह १ बाट रामकुमारी झाँक्री, समूह २ बाट रामचन्द्र साह तेली, समूह ३ बाट रमा आले, समूह ४ बाट श्रीप्रसाद साह र समूह ५ बाट दिनेशकुमार राईले आ-आफ्नो समूहका छलफलमा उठेका विषयको निष्कर्ष प्रस्तुत गरेका थिए।

समूहगत छलफलपछि बैठकमा उठेका विषयमा अध्यक्ष नेपालले विगतमा जबजलाई कुरूप बनाउने काम गरिएको विश्लेषण गर्दै भने 'हामी जबजलाई विकसित गर्नेछौं, त्यसलाई समृद्ध पार्नेछौं।'

नेपाल एसको केन्द्रीय कमिटीको बैठक पूर्वनिर्धारित कार्यसूचीअनुसार बिहीबारसम्म बिहान ११ बजे नयाँ बानेश्वरस्थित अर्पण बैंक्वेटमा बस्ने भएको प्रवक्ता खतिवडाले जानकारी दिए।

नेकपा (एमाले) बाट अलग भई गठन भएको एकीकृत समाजवादी पार्टीको यो केन्द्रीय कमिटीको पहिलो बैठक बस्दै गर्दा सो दलले हालसम्ममा देशभरका ५५ जिल्लामा कार्यसमिति गठन गरिसकेको र बैठकमा पार्टीका विभिन्न विभाग, जनवर्गीय संगठन, सम्बन्धित आयोगका गठन, विस्तार र सुदृढीकरणलगायत विषयमा छलफल हुने जानकारी समेत दिइएको छ।

बैठकमा केन्द्रीय कार्यसमितिलाई पूर्णता दिनेबारेमा समेत छलफल हुने प्रवक्ता खतिवडाले जानकारी दिए।

यसैबीच एसका अध्यक्ष नेपालको संयोजकत्वमा स्थायी कमिटी, सचिवालय, प्रदेश इञ्चार्ज र विभिन्न विभाग गठन भइसकेको पनि बताइएको छ। प्रदेश, जिल्ला र स्थानीय तहमा समेत भेला, बैठक गरी राजनीतिक कार्यक्रम सञ्चालन भइरहेको तथा युवा र विद्यार्थी संगठन एवं प्रेस संगठन घोषणाको हुने क्रम जारी रहेको उल्लेख गरिएको छ।

## सरकारले...

छ, त्यसपछि टुंगो लाग्छ' प्रवक्ता महराले भने।

यतिबेला जनसम्बन्ध र वडादेखि केन्द्रसम्म संगठन सुधारमा लागेको माओवादी केन्द्रको सोही बैठकले केन्द्रीय कार्यालय सचिवमा डोरप्रसाद पौडेललाई नियुक्त समेत गरेको छ।




IME International Money Express
Fast, Reliable And Secure Remittance

IME pay

+977 1 4217600, 4430600
4425800 (Fax)
info@imeremit.com.np
/imeremit
www.imeremit.com.np

**लागूऔषधरहित परिवार :**

**स्वस्थ जीवनको आधार**

- लागूऔषधले मानिसले शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री–वितरण तथा सेवन कानुनतः दण्डनीय छ।
- गैरकानुनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं।
- स्वस्थ र सुखी परिवारका लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं